अनुसूची- १

# लगानी सम्बन्धी सूचना

यस बैंकको बिभिन्न कोषमा रहेको देहाय बमोजिमको रकम मिति **२०७५ असोज १ गते देखि २०७६ भदौ ३१ सम्म (तद्नुसार सेप्टेम्बर १७, २०१८ देखि सेप्टेम्बर १७, २०१९) सम्म** ३६६ दिनको मुद्दती निक्षेपमा त्रैमासिक रुपमा व्याज भुक्तानी हुनेगरी लगानी गर्नु पर्ने भएकोले यस बैंकबाट इजाजतपत्र प्राप्त तल उल्लिखीत शर्तहरु पुरा गरेका देहाय अनुसारका वर्गीकृत संस्थाहरुबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत खुलाई यस बैंकले तोकेको **शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम** भरी **मिति २०७५।०५।१९** गते मंगलबार अपरान्ह ३.०० बजे भित्र यस विभागमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

| संस्थाहरु | रकम (रु. लाखमा) |
|---|---|
| "क" वर्गका बाणिज्य बैंकहरुमा | १२,३३३.०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरुमा | २,३११.०० |
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीहरुमा | ७७१.०० |
| **कुल जम्मा** | **१५,४१५.००** |

**शर्तहरु :**

(क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा **दुई वर्ष** पुरा गरेको।

(ख) बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम रहेको ।

(ग) निष्कृय कर्जा (एन.पी.ए) कुल कर्जा सापटको **पाँच प्रतिशत** भन्दा कम भएको।

(घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा **बीस प्रतिशत** वा सो भन्दा बढी रहेको ।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको।

(च) निकटतम अघिल्लो आ.व.मा सञ्चालन मुनाफा (व्यवस्था पछिको) मा रहेको।

(छ) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको।

(ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरीवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको।

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तीमा **छ महिना** पुरा भएको।

(ञ) बैंक तथा वित्तीय संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको **छ महिना** अवधि पुरा भएको।

(ट) सर्वसाधारणको लागि छुट्याईएको शेयर जारी गरीसकेको।

***नोटः*** **माथि उल्लेखित शर्तभन्दा फरक हुने गरी दरभाउपत्र पेश गर्न पाईने छैन। कथंकदाचित तोकिएको शर्त भन्दा फरक हुने गरी दरभाउपत्र पेश हुन आएमा पनि यस बैंकले तोकेको शर्त बमोजिम नै दरभाउपत्र पेश भएको मानी कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराईन्छ।**

**मिति : २०७५।०५।१५**

**नेपाल राष्ट्र बैंक**
**वित्त व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाण्डौं।**

अनुसूची - २ मिति :

श्रीमान् कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग ।

विषयः- शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम

महोदय,

त्यस बैंकको बिभिन्न कोषहरुमा रहेको रकम बैंक तथा बित्तिय संस्थाहरुमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक/ वित्तीय संस्थाले पुरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोहि प्रयोजनका लागि यो दरभाउपत्र पेश गरेका छौं ।

| क्र.सं | प्रस्तावित ब्याजदर (त्रैमासिक भुक्तानी) | अबधि | लिन चाहेको रकम ( लाखमा ) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| | | ३६६ | ५० | |

यस ........................................................को ............ महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं | वित्तीय बिवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १ | पूँजीकोष % | |
| २ | निष्कृय कर्जा (एन.पी.ए) % | |
| ३ | खुद तरल सम्पत्ति /स्वदेशि निक्षेपको % | |
| ४ | कर्जा /स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/ कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कूल निक्षेप (रु.) | |
| ७ | चुक्ता पूँजी (रु.) | |
| ८ | निकटतम अघिल्लो आ.व.को सञ्चालन मुनाफा (व्यवस्था पछिको ) (रु.) | |
| ९ | नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालयमा रहेको खाता नं. | |
| १० | संस्थाको आधिकारिक इमेल ठेगाना | |

संस्थाको आधिकारीक पदाधिकारीको

दस्तखतः-..................................

नामः-......................

पदः-........................ सम्पर्क नं.(मोबाइल)

संस्थाको नाम :-

संस्थाको ठेगाना :-

संस्थाको छाप :-

फ्याक्स नं :-

नोट : लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नंम्बर यस फारामको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।